# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली
बागमती प्रदेश

प.सं.: २०८१।०८२

मिति: २०८१।०४।०५
ने.सं. : ११४४ दिल्लाथ्व, १४ शनिबार

## प्रेस विज्ञप्ति

गत विगत केही दिन यता देखि मरिण गाउँपालिका, गाउँ कार्यपालिका र गाउँ कार्यपालिकाको कार्यालयलाई लक्षित गरी सामाजिक संजाल एवं जिल्ला स्थित केही पत्रपत्रिकाहरुमा अभिव्यक्त तथा सम्प्रेषण भएका भनाइ र समाचारहरुप्रति गाउँ कार्यपालिकाको गम्भीर ध्यानाकर्षण भएको अवगत गराउँदै मिति २०८१।०४।०४ गते बसेको गाउँ कार्यपालिकाको निर्णयानुसार देहाय बमोजिम स्पष्ट पार्न चाहन्छु ।

मरिण सरकारको अघिल्लो कार्यकालमा करिब ६ बर्ष अगाडि खरिद गरिएको ज.१ झ. ४२२ नम्बरको स्कारपियो गाडी भौगोलिक अवस्थिति, जटिल भूगोल एवं खोलानालामा यात्रा गर्दा ईञ्जिनमा पानी पस्न गइ समस्या आएको तथा अन्य पार्टपुर्जाहरुमा समेत समस्या आइ सामान्य मर्मत सम्भार पश्चात् गाडी संचालनमा ल्याईएकोमा हाल सम्मको अवस्था सम्म आइपुग्दा गाडी अत्यधिक रुपमा बिग्रन गई पटक-पटक ईञ्जिनमा समस्या देखाई यात्रा जटिल, कठिन र जोखिमयुक्त भएको कारण उक्त गाडीको उत्पादक कम्पनी एवं सोको आधिकारिक बिक्रेता बहुराष्ट्रिय कम्पनीको रुपमा रहेको महिन्द्राको बालाजु सोरुममा लगेर गाडीलाई चेकजाँच गरी, गराइ लागत अनुमान तयार पारी सोही अनुसार गाडी बनाईएको एवं गाडी मर्मतको सन्दर्भमा पूर्ण रुपमा स्वयम् कम्पनी नै जिम्मेवार हुने र सोरुममा बनाउँदा Genuine सामान उपलब्ध भइ गाडीको गुणस्तरीय तवरले मर्मत हुने भएकोले मिति २०८१।०३।१९ गतेको गाउँ कार्यपालिकाको निर्णय नं. १५ मा उल्लिखित खर्च रकमलाई गाउँ कार्यपालिका कार्यालयले बिल अनुसारको भुक्तानी दिएको । साथै नयाँ गाडी खरिद गरी गाउँपालिकालाई थप व्ययभार गराउने मनसाय नरहेकोले गाउँपालिकामा उपलब्ध सवारी साधनलाई नै मर्मत सम्भार गरी संचालनमा ल्याई प्रयोगमा ल्याउने साझा बुझाइ गाउँ कार्यपालिकाको रहेको ।

विविध खर्च शीर्षकमा विनियोजित रकम गाउँ कार्यपालिकाको बैठकले नै पटक-पटक निर्णय गरेर बजेट विनियोजन नभएका एवं हुन नसेका स्थानीय नागरिकहरुको आवश्यकतामा आधारित विभिन्न स-साना योजना मर्मत-सम्भार तथा कार्यक्रमहरु संचालन, नागरिकहरुलाई तत्काल आवश्यक पर्ने मेशिनरी औजार-उपकरण वितरण, विभिन्न संघ-संस्थाहरुलाई सहयोग लगायतका अनुदानमा सबै भन्दा बढी खर्च भएको एवं मरिण गाउँ कार्यपालिकाको कार्यालय भौगोलिक अवस्थितिको हिसाबले मदनभण्डारी राजमार्गको समिपमा रहेको तथा यातायातको सहज पहुँचको कारण र मरिणको उत्कृष्ट कार्यसम्पादनलाई अवलोकन गर्न विभिन्न निकायहरुबाट तुलनात्मक रुपमा अतिथिहरु बढी आउने, नगरोन्मुख गाउँपालिकाको रुपमा मरिण गाउँपालिका रहेकोले विभिन्न कार्यक्रमहरु अन्य गाउँपालिकाको तुलनामा बढी नै हुने गरेको, जनसंख्या, सेवा क्षेत्र, सेवा प्रवाहको प्रभावकारिता लगायतका विभिन्न कारणहरुले अत्यधिक चहलपहल हुनु स्वभाविक रहेको हुँदा खाना तथा विविध खर्चलाई लिएर जुन ढंगबाट सामाजिक संजाल एवं स्थानीय पत्रपत्रिकामा खानामा मात्र खर्च भएको भनेर अतिरञ्जित बनाईएको छ त्यसमा सत्यता नरहेको एवं खानामा आंशिक रुपमा मात्र केही खर्च भएको ।

मरिण गाउँपालिकामा चारपाङ्ग्रे सवारी साधन ५ वटा र बाइक लगायतका अन्य सवारी साधन २३ वटा रहेका छन् । जसमा सबैभन्दा बढी तेल खपत गर्ने सवारी साधनमा ब्याक हो लोडर पर्दछ । स्थानीय आम नागरिकको समस्या, गुनासोलाई सम्बोधन गर्ने क्रममा बजेट विनियोजन नभएका एवं हुन नसकेका पूर्वाधारजन्य ससाना योजनाहरु बाटो मर्मत, इनार खन्ने, खेलमैदान मर्मत सम्भार एवं सम्याउने, विद्यालय प्राङ्गण मर्मत सम्भार लगायतका अन्य कार्यहरुमा प्राविधिक इष्टिमेटको आधारमा मरिणको व्याक हो लोडर अत्यधिक प्रयोग हुने गरेको, फोहोरमैला व्यवस्थापनका लागि ट्याक्टर तथा ट्रिपरको प्रयोग तथा व्याक हो लोडर, ट्याक्टर, ट्रिपर लगायतका सवारी साधन गाउँपालिकाले संचालन गरेको जनश्रमदानमा प्रयोग एवं गाउँपालिकाको पदाधिकारीहरु

विमर्स मुक्तान
अध्यक्ष

चढ्ने सवारी साधन पदीय जिम्मेवारी अनुसार एवं कार्यालय प्रयोजनका लागि प्रयोग गरिएको र अन्य सवारी साधनहरुमा खपत भएको इन्धन प्रचलित कानुन बमोजिम एवं आवश्यकताको आधारमा गाउँ कार्यपालिकाको निर्णयानुसार नै सेवा प्रवाहलाई प्रभावकारी बनाउन गरिएको हुँदा इन्धनमा देखिएको खर्चको वास्तविकता यहि नै भएकोले सामाजिक संजाल र केही पत्रपत्रिकामा आए जस्तो इन्धनमा लेखिएको खर्चमा अनियमितता नभइ विधिसम्मत र गाउँ कार्यपालिकाको निर्णयको आधारमा गरिएको ।

मरिण गाउँपालिकाका आर्थिक अवस्था कमजोर भएका नागरिकहरुले मरिण सरकारप्रति आर्थिक सहयोगको अपेक्षा राख्दै सहयोग रकम माग गर्दा उक्त नागरिकहरुका तत्कालको समस्या समाधान गर्न स्थानीय सरकारको नाताले कसैलाई पनि विभेद नगरी वडा अध्यक्षको सिफारिसको आधारमा गाउँ कार्यपालिकामा छलफल गरी, गराइ गाउँ कार्यपालिकाको निर्णयानुसार आर्थिक सहायता प्रदान गरिएको ।

तसर्थ, जनप्रतिनिधि, कर्मचारी र आम मरिणबासी नागरिकहरु बीचको सौहार्दपूर्ण, सहयोगी र प्रतिवद्ध सम्बन्धका कारण सुशासन सहितको मरिणको विकास र समृद्धिको यात्रा तय गर्दै गर्दा बास्तविकतालाई अतिरञ्जित एवं तोडमोड गरी भ्रम सिर्जना गर्ने, केही असहिष्णु, विरोधको नाममा विरोधमात्र गर्ने गत विगत देखि नै अदृश्य रुपमा परिचालित कुतत्वहरुले वर्तमान मरिण सरकारलाई र मरिण सरकारको नेतृत्वलाई असफल पारी आफूमात्र ठिक अरु बेठिक भन्ने मनोगत, आत्मकेन्द्रित मनसायबाट ग्रसित, बनावटी कमिकमजोरी देखाइ आम मरिणबासी नागरिकमा भ्रम फैलाइ मरिण सरकारप्रति नागरिकको विश्वासमा कुठाराघात गर्ने कुचेष्टाले सुनियोजित रुपमा मरिण सरकारप्रति गरिएको प्रहारमा ध्यानाकर्षण भएको छ । जनप्रतिनिधि र कर्मचारीहरु बीचको आपसी सम्बन्धमा फाटो ल्याउने, मनोमालिन्य सिर्जना गर्ने र धमिलो पानीमा माछा मार्ने प्रवृत्तिप्रति मरिण सरकार सचेत रहेको प्रष्ट पार्न चाहन्छु ।

बजेट कार्यान्वयनको चरणमा गाउँसभा र गाउँ कार्यपालिकाको निर्णयानुसार कार्यालयले गरेको खर्चको विषयमा गाउँ कार्यपालिका स्पष्ट रहेको एवं सबै प्रकृतिका परीक्षणका लागि तयार रहेकोले विश्वस्त हुन आग्रह गर्न चाहन्छु । खर्च हुन्छ । खर्च गर्नको लागि नै बजेट विनियोजन गरिएको हो । खर्च नहुने र नगर्ने स्थानीय तहको परिकल्पना गर्न सकिदैन । हेक्का राख्नु पर्ने कुरा के हो भने खर्च कुन प्रयोजनका लागि भयो कसको हितका लागि भयो भन्ने कुरा महत्वपूर्ण हुन्छ । यसप्रति मरिण सरकार सचेत छ र हुनु पर्दछ । के अब सामाजिक सञ्जालमा र केही पत्रपत्रिकामा नियतबस अतिरञ्जित तवरले आएका गलत प्रचारका आधारमा केही नगर्ने ? सेवा प्रवाह बन्द गर्ने ? नागरिकहरुलाई दिईएको सेवा सुविधा खोस्ने ? त्यो होइन विधिसम्मत ढंगबाट आम नागरिकको हितलाई केन्द्रमा राखेर सामाजिक संजाल एवं केही मिडियामा आएका सवालहरुलाई समेत हेक्का राख्दै थप सुदृढ गरी मरिण सरकारलाई अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्दछु ।

राज्यको चौथो अंगको रुपमा रहेको प्रेस जगतको स्वतन्त्रताको रक्षा र सोको प्रवर्द्धनप्रति प्रतिवद्ध एवं सहयोगी मरिण सरकारले गरेका कार्यहरुप्रति व्यावसायिक एवं खोजपत्रकारिता मार्फत बास्तविकतालाई यकिन गरी जिम्मेवार पदाधिकारीहरुको पदीय एवं व्यक्तिगत जीवनमा आँच नआउने गरी यथार्थपरक तवरले समाचार सम्प्रेषण गरिदिनु हुन समेत आमसंचार जगत तथा सम्बद्ध महानुभावहरुमा हार्दिक अपिल गर्दछु ।

जनप्रतिनिधिहरु, कर्मचारीहरु र नागरिकहरु बीचको आपसी सम्बन्ध यस्ता अवाञ्छित लाञ्छानाहरुले छिन्नभिन्न गर्न नसक्ने र अझ सचेतताका साथ अगाडि बढ्न प्रेरित गर्दै आपसी सम्बन्ध प्रघाढ हुने हुँदा जस्तोसुकै चुनौतीको सामना गर्न मरिण गाउँ कार्यपालिका ऐक्यबद्धताका साथ तयार रहेकोले निश्चिन्त भइ कार्यसम्पादन गर्न गराउन सबै जनप्रतिनिधि र कर्मचारी बर्गमा हार्दिक अपिल गर्दछु ।

अन्त्यमा, सुशासन सहितको मरिणको विकास र समृद्धिको यात्रामा कसैले पनि अवरोध गर्न नसक्ने र कुचेष्टा नगर्न सचेत गराउँदै आम मरिणबासी नागरिक, मरिण सरकारलाई निर्वाचित गराउने मतदाता, सम्पूर्ण सरोकारवाला एवं शुभेच्छुकहरुमा मरिण सरकारले गरेका निर्णयहरु, सम्पादित कार्यहरु कुनै पनि गलत नियत र सोचका साथ हालसम्म नगरेको एवं अब उप्रान्त पनि आम नागरिकहरुप्रति सदैब उत्तरदायी भइ विधिसम्मत तवरले कार्य गर्ने प्रतिवद्धताका साथ विश्वस्त हुन हार्दिक अपिल गर्दछु ।

धन्यवाद !

२०८१।०४।०२

विमर्स मुक्तान
अध्यक्ष